# सबैले न्यूनतम ज्याला निश्चय गर्नुहोस्!



कार्यालयको कर्मचारी, आंशिक समय काम
(पार्ट, आरुबाइतो) गर्ने व्यक्तिहरू, विद्यार्थी आदि
सबै काम गर्ने व्यक्तिहरू र
काम दिने व्यक्तिहरूको लागि बनाइएको नियम हो।

## सागा प्रिफेक्चर न्यूनतम ज्याला

रेइवा 3 साल
अक्टोबर 6
तारिखदेखि
[ घण्टा दर ]

# ¥ 821

¥29
UP

ネパール語版



**न्यूनतम ज्याला भनेको सबै काम गर्ने व्यक्तिहरूको ज्यालाको न्यूनतम रकम ग्यारेन्टी गर्ने प्रणाली हो।**

यसलाई अनलाइन जाँच गर्नुहोस् !

न्यूनतम ज्याला वेबसाइट
(जापानी भाषा मात्र):
http://www.saiteichingin.info/

最低賃金制度 検索

न्यूनतम ज्यालाका बारे सोधपुछको लागि, कृपया सागा लेबर ब्यूरो वा तपाईंको नजिकको श्रम मापदण्ड निरीक्षण कार्यालयमा सम्पर्क गर्नुहोस्।
सागा लेबर ब्यूरो वेबसाइट: https://jsite.mhlw.go.jp/saga-roudoukyoku/

स्वास्थ्य, श्रम र कल्याण मन्त्रालय

# न्यूनतम ज्याला प्रणाली के हो ?

यो त्यस्तो प्रणाली हो जसले सबै कर्मचारीहरूको लागि ज्यालाको न्यूनतम रकम (न्यूनतम ज्याला) को ग्यारेन्टी दिन्छ।

उमेरमा र विद्यार्थीको रूपमा आंशिक समय काम (आरुबाइतो) जस्ता कार्य शैलीमा जस्तो सुकै भिन्नता भए तापनि, यो सबै कर्मचारीहरूमा लागु हुन्छ।



## कसरी जाँच गर्ने ?

तपाईंले जाँच गर्न चाहनुभएको ज्याला(*1) लाई घण्टाको दरमा गरेर, न्यूनतम ज्याला रकम (घण्टाको दर) को तुलना गरौं !

### न्यूनतम ज्याला रकमसँग तुलना प्रणाली

तपाईंको तलब, र तपाईंको प्रिफेक्चरको न्यूनतम ज्याला भर्नुहोस्।(*2)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1 घण्टा ज्यालाका लागि | तपाईंको प्रति घण्टा ज्याला<br>¥ | ≥ | न्यूनतम ज्याला (प्रति घण्टा दर)<br>¥ | | | | | |
| 2 दैनिक ज्यालाका लागि | तपाईंको दैनिक ज्याला<br>¥ | ÷ | प्रति दिन तालिकाबद्ध कार्य घण्टाको औसत संख्या<br>घण्टा | = | तपाईंको प्रति घण्टा दर<br>¥ | ≥ | न्यूनतम ज्याला (प्रति घण्टा दर)<br>¥ | |
| 3 मासिक ज्यालाका लागि | मासिक ज्याला<br>¥ | ÷ | प्रति महिना तालिकाबद्ध कार्य घण्टाको औसत संख्या<br>घण्टा | = | तपाईंको प्रति घण्टा दर<br>¥ | ≥ | न्यूनतम ज्याला रकम (घण्टाको दर)<br>¥ | |

**4 यदि तपाईंको ज्याला 1,2,3 को संयोजन हो भने**

उदाहरणको लागि, तपाईंको आधार भुक्तान दैनिक ज्याला र अन्य प्रकारको तलबहरु (जस्तै कर्तव्य भत्ता आदि) मासिक भुक्तानी गरिन्छ

❶ आधार भुक्तान (दैनिक ज्याला) विधि 2 प्रयोग गरी तपाईंको प्रति घण्टा दर गणना गर्नुहोस्
❷ भुक्तानका अन्य प्रकारहरू (मासिक ज्याला) विधि 3 प्रयोग गरी तपाईंको प्रति घण्टा दर गणना गर्नुहोस्
❸ कुल रकम ❶ + ❷ ≥ न्यूनतम ज्याला (प्रति घण्टा दर)

(*1) तल दिइएका भुक्तानका अन्य प्रकारहरू न्यूनतम ज्यालासँग तुलना नगर्नुहोस।
①अस्थायी आधारमा दिइने ज्याला (विवाह भत्ता, आदि) ②एक महिना भन्दा बढीको अन्तरालमा भुक्तानी हुने ज्याला (बोनसहरू, आदी) ③अनुसूचित काम गर्ने घण्टा भन्दा बढी काम गरेको ज्याला (ओभरटाइम कामका लागि ज्याला, आदि) ④अनुसूचित काम गर्ने दिन भन्दा बढी काम गरेको ज्याला (वैधानिक दिनको बिदामा कामका लागि ज्याला, आदि) ⑤बेलुका 10 बजेदेखि बिहान 5 बजेसम्म काम गरेको ज्याला जुन सामान्य काम गर्ने घण्टाको दर भन्दा बढी हुन्छ। (राती कामका लागि बढी ज्याला, आदि) ⑥उत्तम उपस्थिति भत्ता, संचार भत्ता, र परिवार भत्ता
(*2) गणना विधिको बारेमा विवरणहरु सोध्न, वा प्रतिशत वेतन गणनाको बारेमा पत्ता लगाउन छ भने लेबर ब्यूरो वा तपाईंको नजिकको श्रम मानक निरीक्षण कार्यालयमा सोध्नुहोस्

## रोजगारदाता र कर्मचारीहरू, न्यूनतम ज्याला जाँच गर्नुहोस्।

तपाईंको स्मार्टफोन वा मोबाइलमा तपाईंको क्षेत्रको न्यूनतम ज्याला जाँच गर्नुहोस्। (जापानी भाषा मात्र)

## सानो र मध्यम-स्तर उद्यमहरूको लागि

सक्रिय रूपमा न्यूनतम ज्याला बढाउन प्रदान गरिने अनुदान सहयोग प्रयोग गरौं।

अधिकतम 60 लाख येन अनुदान

**業務改善助成金**

"व्यापार प्रदर्शन सुधार गर्न अनुदान सहयोग" भनेको उत्पादकत्वको वृद्धि गरी, "कार्यस्थलको सबैभन्दा कम ज्याला (कार्यस्थलको न्यूनतम ज्याला)" बढाउने लक्ष्य भएका सानो र मध्यम स्तरको कम्पनी तथा सानो व्यवसायका व्यवसायीहरूलाई सहयोग गर्ने अनुदान सहयोग हो। उपकरणमा लगानी आदि गरेको खण्डमा, भुक्तानी आवश्यकताहरू अनुसार उक्त खर्चको केही अंश अनुदान दिइन्छ।

विस्तृत जानकारीको लागि यहाँ (जापानी भाषा मात्र) 業務改善助成金 検 索

व्यापार प्रदर्शन सुधार गर्न अनुदान सहयोगको भिडियो पनि छ।



**भुक्तानी आवश्यकताहरू**

1. कार्यस्थलको न्यूनतम ज्याला बढाउने
2. बढाएपछि ज्यालाको भुक्तानी
3. उत्पादकत्व वृद्धिमा योगदान पुग्ने मेसिन र उपकरण आदि भित्र्याउने
4. जागिरबाट बरखास्त गर्ने, ज्याला घटाउने आदि गर्ने कारण हुँदैन

▶ उपकरणमा लगानी आदिमा आवश्यक खर्चको केही अंशको अनुदान

**अनुदान सहयोग भुक्तानीसम्मका प्रक्रियाहरू**

1. नजिकको जिल्ला लेबर ब्यूरोमा जारी आवेदन पत्र, परियोजना कार्यान्वयन योजना आदि पेस गर्ने ▶ जाँच
2. जारीको निर्णय पछि, पेस गरेको योजना अनुसार परियोजना कार्यान्वयन ▶
3. लेबर ब्यूरोमा परियोजना कार्यान्वयन नतिजा रिपोर्ट ▶ जाँच
4. भुक्तानी

### विज्ञद्वारा निःशुल्क परामर्श कार्यान्वयन

यदि तपाईंसँग ज्याला बढाउन सम्बन्धित कुनै चिन्ता छ भने, कृपया कार्यविधि सुधार प्रवर्द्धन सहयोग केन्द्रको परामर्श लिनुहोस्।

विस्तृत जानकारीको लागि यहाँ (जापानी भाषा मात्र) 働き方改革推進支援センター 検 索

### कार्यविधि सुधार प्रवर्द्धन सहयोग कोष

जापान अर्थ निगमले कार्यस्थलको न्यूनतम ज्याला बढाउने व्यवसायी वा कम्पनीलाई पूँजी लगानी र चालु पूँजी ऋण प्रदान गर्दछ।

विस्तृत जानकारीको लागि यहाँ (जापानी भाषा मात्र) 働き方改革推進支援資金 検 索

リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。

(R3.9)